का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ फागुन २०७८,
शनिबार
26 February 2022,
Saturday

मूल्य रू. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २१ । पृष्ठ ८ Daily www.madhyanhadaily.com




रुसको सैनिक कार्बाही रोक्न माग गर्दै प्रदर्शनमा उत्रिएका युक्रेनी नागरिक । तस्वीर: एएफपी

# युक्रेन असर

> युक्रेनमाथि रुसले गरेको आक्रमणको असर नेपाललाई समेत परेको छ । त्यहाँ रहेका नेपालीको तत्काल उद्धार सम्भव भइरहेको छैन भने अप्रत्यक्ष असरबारे विज्ञहरुले चिन्ता व्यक्त गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

रुसी सेनाले युक्रेनलाई चारैतिरबाट आक्रमण गरिरहेको छ । अन्तर्राष्ट्रिय सञ्चार माध्यमका अनुसार, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको आदेशपछि चार करोड ४० लाख जनसंख्या रहेको यूरोपेली मुलुक युक्रेनमाथि जल, थल र आकाशबाट आक्रामण भइरहेको छ ।

बीबीसीका अनुसार, शुक्रबारसम्म युक्रेनकोराजधानी किएभतर्फ रुसी सेना बढ्न थालेका छन् । शुक्रबार रातिसम्म प्राप्त सूचना अनुसार युक्रेनले ६ वटा रुसी विमान खसालिदिएको दावी गरेको छ भने ४० भन्दा बढी युक्रेनी सैनिकको मृत्यु भएको छ ।

केही युक्रेनी सर्वसाधरणको समेत आक्रमणबाट मृत्यु भएको छ । रुसी सेनाको संभावित आक्रमणको डरले ठूलो संख्यामा युक्रेनका सर्वसाधरणले राजधानी छोडेको दृष्य सार्वजनिक भएको छ । युक्रेनले हवाइ उडान भने बन्द गरेको छ । उडानमा खतरा देखिएको भन्दै युक्रेनले रोक लगाएको हो ।

युक्रेनमाथि रुसले आक्रमण गरेपछि पश्चिमा देशहरु एकबद्ध बनेको छ । रुसविरुद्ध पश्चिमा शक्ति एकबद्ध हुँदा चिनियाँ राष्ट्रपति सी जिनफिङले भने युक्रेनको समस्या वार्ताको माध्यमबाट समाधान गर्न आग्रह गरेका छन् । चीनमा हुन लागेको ग्रीष्मकालीन ओलिम्पिकमा रुसी राष्ट्रपति पुटिन पनि सहभागी अनुमान गरिएको छ । यसले रुसलाई चीनको समर्थन रहने व्याख्या गरिएको छ ।

रुसले युक्रेनमाथि आक्रमण गरेपछि यूरोपियन युनियन (ईयू), यूके र अन्य पश्चिमा देशहरुले रुसविरुद्ध थप प्रतिबन्ध लगाने तयारी गरेको छ । तर रुसका राष्ट्रपति पुटिने भने आफूसँग जोरी खोज्ने प्रयास गरे तत्काल प्रतिकारमा उत्रने चेतावनी दिएका छन् । युक्रेनको पूर्वी क्षेत्र बढी तनावपूर्ण बनेको छ ।

युक्रेनको पृथकतावादीहरुको नियन्त्रणमा रहेको पूर्वी क्षेत्रलाई अलग राज्यको मान्यता दिएपछि दुई देशबीच तनाव बढेको थियो । युक्रेनले रुससँग कुटनीतिक सम्बन्ध – बाँकी पृष्ठ २ मा

# झस्किएका प्रचण्ड–माधव



एमसीसी अनुमोदनका निम्ति विपक्षी नेकपा एमालेसँग सहकार्य गर्ने प्रधानमन्त्री शेरबहादुर देउवाको तयारीपछि नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी सत्तारुढ गठबन्धन जोगाउने अन्तिम कसरतमा जुटेका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले विपक्षी दल नेकपा एमालेका नेताहरुसँग लगातार वार्ता बढाएका छन् । बिहीबार एकैदिन दुई पटक काँग्रेस र एमाले नेताहरुसँग भेटवार्ता भएको थियो । शुक्रबार पनि कांग्रेस नेताहरुसहित प्रधानमन्त्री देउवा बालकोट पुगे ।

तर सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले गठबन्धन कायमै राख्ने अन्तिम कसरतमा छन् । सरकारमा रहेर विपक्षमा मतदान गर्ने बाटो खोजिरहेका छन् । एमसीसीका विषयमा ठोस् निर्णय हुन नसकेकै कारण शुक्रबार बोलाइएको प्रतिनिधिसभा बैठक स्थगित भएको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसीसीको विपक्षमै रहेर सत्तागठबन्धन जोगाउने प्रयत्न भइरहेको बताएका छन् । "एमसीसीबारे पार्टीको पुर्ववत सैद्धान्तिक धारणामा रही गठबन्धन बचाउन अन्तिम कोसिस गर्ने समझदारी भयो", प्रचण्डको सचिवालयले भनेको छ ।

अध्यक्ष प्रचण्डले बिहीबार मात्रै एमालेका अध्यक्ष केपी ओलीसँग छलफल गरेका थिए । सो छलफलमा एमाले अध्यक्ष ओलीको धारणा सुनेपछि माओवादी केन्द्र झस्किएर सत्ता जोगाउने अन्तिम कसरतमा छ । छलफलमा ओलीले आफ्नो पार्टीले बर्खास्तका लागि सिफारिस गरेका १४ सांसदको सूचना टाँस्नुपर्ने अडान मात्रै राखेनन्, उनले सभामुख अग्नि सापकोटाले राजीनामा दिनुपर्ने सर्त पनि दोहोऱ्याएका थिए ।

ओलीको अडानपछि अध्यक्ष प्रचण्ड सत्ता जोगाउने अन्तिम कसरतमा देखिएको हो । त्यसोत एमसीसीकै विषयलाई लिएर नेकपा माओवादी केन्द्रका नेताहरुबीच पनि मतभेद बढेको छ । "सत्ता गठबन्धन अहिलेको आवश्यकता हो । प्रतिगमनविरूद्ध बनेको – बाँकी पृष्ठ २ मा

# दोधारमा देउवा

सत्ता गठबन्धन जोगाउनुपर्ने र एमसीसी अनुमोदन गराउनैपर्ने दबावमा परेका प्रधानमन्त्री शेरबहादुर देउवाको दौडधुप तीव्र छ । तर गठबन्धन जोगाउने वा विपक्षी एमालेसँग मिलेर एमसीसी अनुमोदन गराउने भन्नेमा प्रधानमन्त्री देउवा दोधारमा देखिन्छन् ।



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न उनकै निवास बालकोटमा शुक्रबार साँझ प्रधानमन्त्री शेरबहादुर देउवा । तस्वीर सौजन्य: केपी ओलीको सचिवालय

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

नेपाली काँग्रेसका नेताहरु सहित सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा शुक्रबार साँझ बालकोट पुगे । विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न देउवा काँग्रेस नेताहरुसहित उनकै निवास बालकोट पुगेका थिए । भेटवार्तामा प्रधानमन्त्री देउवाले ओलीलाई एमसीसी अनुमोदनमा साथ मागे । प्रधानमन्त्री देउवाको प्रस्ताव पहिलो होइन ।

गएको ६ फागुनदेखि लगातार एमाले नेतृत्वसँग एमसीसी अनुमोदनका निम्ति सहकार्यको प्रस्ताव गर्दै आएका छन् । ६ फागुनमा पत्नी आरजुलाई लिएर प्रधानमन्त्री देउवा बालकोट पुगेका थिए । त्यस यता विपक्षी एमालेसँग प्रधानमन्त्री देउवाको भेटवार्ता बढेको छ । बिहीबार एकैदिन दुई पटक प्रधानमन्त्री देउवा र एमाले नेताहरुबीच भेटवार्ता भएको थियो ।

नयाँ बानेश्वरस्थित संसद भवनमा रहेको ओलीको कार्यकक्षमा काँग्रेस नेताहरुसहित देउवाले ओली सहित एमाले नेताहरुसँग भेटवार्ता गरेका थिए । साँझ फेरि एमाले नेताहरु बालुवाटार पुगे । ओली पनि एमाले नेताहरुसहित गएका थिए । यसको दुई दिन अगाडि पनि ओली बालुवाटार पुगेका थिए ।

विपक्षी एमालेले भने देउवासँग एमसीसी – बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारमा जानेको नि:शुल्क पीसीआर

**काठमाडौं/रासस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकको नि:शुल्क कोरोना भाइरसको पीसीआर परीक्षण गर्ने भएको छ । स्वास्थ्यमन्त्री बिरोध खतिवडाको अध्यक्षतामा शुक्रबार बसेको मन्त्रालयको मन्त्रिस्तरीय निर्णयले वैदेशिक रोजगारीमा जाने श्रमिकको नि:शुल्क कोरोना भाइरस परीक्षण गर्ने निर्णय गरेको मन्त्रीका प्रेस सल्लाहकार शन्तराम बिडारीले जानकारी दिए ।

संविधानको धार ५१ अन्तर्गत नागरिकलाई स्वास्थ्य परिक्षण सेवा सर्वसुलभ पार्ने र मौलिक हक प्रत्याभूति दिने अभिप्रायले यस्तो निर्णय गरेको हो ।

बिडारीका अनुसार वीर अस्पताल, शहीद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट श्रमिकले नि:शुल्क पीसीआर परीक्षण गराउन सक्नेछन् ।

वैदेशिक रोजगारका सबै प्रक्रिया पूरा गरिसकेर टिकट लिइसकेको श्रमिकलाई नि:शुल्क परीक्षण गर्न थालिएको हो । यस अगाडि सरकारी अस्पताल तथा प्रयोगशालामा पीसीआर परीक्षण गर्दा ८ सय रुपैयाँ तिर्नुपर्ने हुन्थ्यो ।

वैदेशिक रोजगार विशेष

## विमानस्थल घटनाको छानविन गर्न समिति गठन

**काठमाडौं/रासस–** गृहमन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कतारको दोहा उड्न लागेको नेपाल वायुसेवा निगमको विमानमा पासपोर्ट र भिसा बिना नै एक व्यक्ति पुगेको घटनाको छानविन गर्न समिति गठन गरेको छ ।

गृहमन्त्रालयका सहसचिव एवं प्रवक्ता फणीन्द्रमणि पोखरेलले शुक्रबार एक विज्ञप्ति जारी गरी कतारको दोहा उड्न लागेको नेपाल वायुसेवा निगमको विमानमा पासपोर्ट र भिसा बिना नै एक व्यक्ति पुगेको घटना सुरक्षाको दृष्टिले अति नै संवेदनशील विषय भएको भन्दै यसप्रति गम्भीर ध्यानाकर्षण भएको बताए । – बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ फागुन २०७८, शनिबार
26 February 2022, Saturday

पोखरामा ओलीको सम्बोधन

# एमसीसीमा मौन, प्रचण्डविरुद्ध गालीको वर्षा

**मध्यान्ह संवाददाता**
पोखरा, १३ फागुन ।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राजनीतिको मुख्य मुद्दा बनेको एमसीसीमा मौनता देखाएका छन् ।

कार्यकर्ता प्रशिक्षण गर्न पोखरा पुगेका ओलीले एमसीसीको विषयमा एमाले कुन ठाउँ भन्ने नै खुलाएन् । एमसीसीको विषयमा स्पष्ट हुन आएका कार्यकर्ता ओलीको भाषणबाट थप अन्योलमा परेर फर्किए ।



कार्यकर्ता भेलामा उनले गठबन्धन सरकारसँग बहुमत रहेको भन्दै आफुँहरुले चिन्ता लिन नपर्ने बताए । 'एक सय ६५ भोट गठबन्धन सरकारसँग छ, एमसीसी पास गर्ने भनेको छ,' पोखरेली नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै उनले भने, 'एमसीसीको बारेमा हामीले चिन्ता लिनुपर्दैन, एमाले देश र जनताको हितभन्दा बाहिर, कसैका धाकधम्कीका पछि लाग्दैन, देशको हितका पक्षमा के छ भन्ने कुरा छुट्याउन र बुझ्न सक्छ ।'

ओलीले एमसीसीको विषयमा आफुँ र एमालेको नेतृत्वको विरोध भइरहेकोप्रति आक्रोश पोखे । उनले तत्कालिन प्रधानमन्त्री एवं एकीकृत समाजवादीका नेता झलनाथ खनालले एमसीसी ल्याएको बताए ।

'एमसीसी माग्ने झलनाथ खनाल हिँड्दा केही गर्दैनन् । एमसीसी पास गर्ने भन्ने कांग्रेसका नेताहरू हिँड्दा केही गर्दैनन् । माओवादीलाई केही गर्दैनन्,' उनको दुखेसो छ, 'म हिँड्दा ढुंगा बर्साउँछन् । कुरा बुझिँदैन र ?'

**गठबन्धनविरुद्ध आक्रोश पोखे**

ओलीले एमसीसीमा सत्ता गठबन्धनको दल माओवादी केन्द्र र एकीकृत समाजवादीले दोहोरो चरित्र देखाएको भन्दै विरोध जनाए । उनले मुख्यतः प्रचण्डको भूमिका मान्छेलाई अन्योल पार्ने खालको भएको बताए । उनले प्रचण्ड पुतली कि मान्छे के हो ? भनि प्रश्न गरे ।

उनले भने, "प्रचण्डले २९ सेप्टेम्बरमा पाँच महिनामा एमसीसी पास गर्छु भनेर संयुक्त पत्र पठाएका छन् । अस्ति फेरि एमसीसी पास नगर्ने भनेका छन् । यो मान्छे हो कि पुतली हो ? कुन सहि हो, कुन गलत हो ?"

**एमालेका अध्यक्ष केपी ओलीले माओ**वादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको दोहोरो चरित्रका कारण देशमा संकट आएको बताए । पुतलीको चिनियाँ कथा सुनाउँदै उनले प्रचण्डको चरित्र पनि छुट्याउनै नसक्ने खालको भएको बताए । त्यसअघि उनले चिनियाँ कथा सुनाए ।

अर्को एक प्रसंगमा ओलीले गठबन्धन कुनै अवस्थामा पनि नटुट्ने बताएका छन् । एमसीसी पास गरेरै भएपनि गठबन्धन जोगाउने तयारीमा पाँच दल लागेको भन्दै ओलीले गठबन्धन कायम रहे पनि स्थानीय चुनावमा उठ्नै नसक्ने गरी पछार्ने चेतावनी दिए ।

'यो गठबन्धन टुट्दैन, टुट्न हुँदैन । यो टुट्यो भने विचराहरू धुलोपिठो हुन्छ,' उनले भने, हामी लड्न बोलाउँदा वान वाई वान होइन पाँचै दल आऊ भनेर बोलाउँछौं । ३० वैशाखमा उनीहरूलाई सात दिन नउठ्ने गरी पछार्छौं ।' सरकारमा बस्नेहरुले नै कार्यकर्तालाई सडकमा उतारेर आफूविरुद्ध ढुंगा हान्न लगाएको उनको आरोप छ ।

# नेपालगञ्ज भन्सारमा डेढ करोडको एक्सरे मेसिन अलपत्र

**गणेश रावत/मध्यान्ह**
बाँके, १३ फागुन




सरकारी लगानीमा खरिद गरिएको डेढ करोड मूल्य बराबरको मेसिन नेपालगञ्ज भन्सार कार्यालय जमुनाहामा अलपत्र अवस्थामा रहेको छ । करिब ५ वर्षअघि खरिद गरी ल्याइएको एक्सरे मेसिन दक्ष जनशक्ति नहुँदा प्रयोगमा आउन सकेको छैन ।

सीमा सुरक्षाका लागि महँगोमा खरिद गरिएको मेसिन प्रयोगमा आउन नसक्दा सरकारको लगानी बालुवामा पानी झैं भएको छ । मेसिन खरिद गरेदेखी अहिलेसम्म प्रयोगमा आउन सकेको छैन । यसबारेमा नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख जयबहादुर भण्डारीसंग सम्पर्क गर्दा उनले भन्सारलाई प्रविधिमैंत्री बनाउन लागिएको मध्यान्हलाई बताए । उनले भन्सार कार्यालय जमुनाहा नाकाभन्दा टाढा र भित्र परेको हुँदा पनि मेसिन कार्यालय परिसरमा राख्नुको विकल्प नदेखिएको बताए । यस मेसिनको प्रयोगका लागि भन्सार कार्यलयले पनि अहिले खासै चासो देखाएको छैन । नेपाल-भारत सीमामा दैनिक हजारौंको संख्यामा सर्वसाधारणको आवतजावत हुने गरेको छ ।

जमुनाहा नाकाबाट विभिन्न प्रकारका अवैध क्रियाकलाप हुने गरेता पनि त्यसका लागि भने कुनै सुरक्षात्मक प्रविधि नरहेको बताइएको छ । जसले गर्दा सरसामानको बीच भागमा लुकाइछिपाइ लगिने र अवैध सामान नेपाल भित्रिने गरेका छन् ।

प्रहरी, भन्सार कार्यालयका कर्मचारी र सशस्त्र प्रहरीको नजरमा जे देखियो, त्यो नै सही वा गलत हुने गरेको स्थानीय बताउँछन् । भौतिक पूर्वाधारको अवस्था नाजुक रहेका कारण यहाँका भौतिक संरचना मर्मतदेखि निर्माणसम्मको काम भइरहेको भन्सार कर्मचारीले बताए ।

# मेलम्चीका किसानलाई हाते ट्याक्टरसँगै तालिम

**सुशील सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, १३ फागुन



मेलम्चीका किसानलाई नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषि सामग्रीसँगै तालिम पनि दिएका छन् । तालिमपछि किसानहरुलाई काम गर्न सहज भएको छ ।

नगरपालिकाले अनुदानमा वडा नं ७ र ८ का किसानहरुका लागि कृषि औजार वितरण गरेको हो । वडा नं ७ स्थित दुवाचौर सामुदायिक कृषि सहकारी संस्थामार्फत १६ थान प्ट्रोल मिनिटिलिर तथा मकै रोप्ने उपकरण र वडा नं ८ स्थिति विष्णुलक्ष्मी साना किसान कृषि सहकारीमार्फत ७ थान प्ट्रोल मिनिटिलिर तथा २१ थान कृषि सामग्री वितरण गरिएको नगरपालिकाका कृषि विकास शाखाप्रमुख अमरनाथ आचार्यले जानकारी दिए ।

नगरप्रमुख डम्बर अर्यालले कृषिमा आधुनिकीकरण गर्न र व्यवस्थित बनाउनका लागि विभिन्न कृषि औजारहरु वितरण गरिएको बताए । उनले कृषकका समस्या समाधान गर्न नगरपालिका तयार रहेको पनि बताए ।

कृषि औजार बिग्रने र बनाउन समस्या भएपछि किसानहरुको समस्यालाई दृष्टिगत गर्दै नगरपालिकाले मिनिटिलर मर्मतसम्बन्धी तालिमसमेत सञ्चालन गरेको शाखाप्रमुख आचार्यले बताए । नगरपालिकाले यसअघि पनि विभिन्न बीउ बिजन र कृषि सामग्री किसानहरुलाई वितरण गर्दै आएको थियो । कृषि सामग्रीसँगै तालिम पाउँदा सामान मर्मत तथा खेती गर्न सजिलो भएको र उत्पादनमा समेत वृद्धि हुने मेलम्ची-८ का किसान सम्झना गिरीले बताइन् ।

**युक्रेन...**

समेत तोडेका छन् । रुसी समर्थित माथि युक्रेनले अप्रजातान्त्रिक व्यवहार गरेको आरोपसहित आक्रमणमा उत्रिएको छ । रुसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमा देशहरु एकबद्ध बनेका छन् । अमेरिकाले रुसी सरकारलाई पश्चिमी वित्तीय संस्थाबाट अलग गर्ने चेतावनी दिएको छ । ब्रिटेनले रुसी ब्यांकहरुको सम्पत्ति रोक्का गर्ने जनाएको छ । युक्रेनले आफ्ना साझेदार देशहरुलाई रुसी तेल र ग्याँस खरीद नगर्न आग्रह गरेको छ ।

युक्रेनमाथि भएको आक्रमणले त्यहाँ रहेका नेपालीहरु संकटमा परेका छन् । नेपाल सरकारले भने उद्धारको सम्भावना नरहेकाले सुरक्षित रहन आग्रह गरेको छ । युक्रेनको बढी सुरक्षित रहेको पश्चिमी क्षेत्रमा जान वा बसिरहेको ठाउँमा सुरक्षित रहन परराष्ट्र मन्त्रालयले आग्रह गरेको छ ।

युक्रेन र रुसबीचको तनावले नेपालको अर्थतन्त्रमा पनि प्रभाव पर्ने विज्ञहरु बताउँछन् । प्रत्यक्ष प्रभाव ठूलो नभएपनि अप्रत्यक्ष प्रभाव भने पर्नसक्ने अनुमान गरिएको छ । भन्सार विभागका अनुसार, गत आर्थिक वर्षमा नेपालले रुसबाट दुई अर्ब ४० करोड हाराहारीको वस्तु आयात भएको छ । त्यो अवधिमा नेपालले १५ करोड बराबरको सामान निर्यात गरेको छ । यो तनावले विश्व बजारमा तेल र ग्यासको कारोबारमा असर पर्ने देखिएको छ । जसको असर नेपालमा पनि पर्नेछ । किनकि विश्व बजारमा तेल र ग्यास निर्यात गर्ने ठूलो मुलुक रुस हो ।

युक्रेनको आग्रहमा पश्चिमाहरुले रुसको तेल र ग्यास खरीद नगर्न आग्रह गरिसकेको छ । यसले नेपालमा पेट्रोलियम पदार्थको मूल्य बृद्धिको असर पर्नेछ । रुस-युक्रेन युद्धले वैदेशिक सहायतामा पनि असर पर्नेछ । विश्वव्यापी आर्थिक संकटका बेला पश्चिमा राष्ट्रहरुले नेपाल जस्तो मुलुकलाई दिइने सहायता नरोक्ने आशा गर्न सकिन्छ ।

**झस्किएका...**

गठबन्धन कायम राख्न अन्य दलसँग पनि छलफल गर्ने निर्णय भएको छ" माओवादी केन्द्रका नेता हरिबोल गजुरेल बताउँछन् । जनमत समेत एमासीसीको विपक्षमा देखिएको हुँदा आफ्नो निर्णयबाट परिवर्तन नहुने उनको भनाई छ ।

यता, अर्को सत्तासाझेदार दल नेकपा एकीकृत समाजवादी पनि सत्ता जोगाएरै एमसीसीको विपक्षमा मतदान गर्ने तयारीमा देखिएको छ । पार्टीभित्र पास गर्ने वा नगर्ने विषयमा मतभेद देखिएपनि अधिंकाश भने विपक्षमै रहेका छन् । एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठ पनि पार्टीको नीतिमै अघि बढ्न आफूहरु प्रतिबद्ध रहेको बताउँछन् ।

विशेषगरी नजिकिएको स्थानीय तहको निर्वाचनमा गठबन्धनबिना अघि जान नसकिएपछि उनीहरु सत्ता छोड्न तयार नदेखिएका हुन् । एमाले र कांग्रेसको गठबन्धन बनेपछि एकीकृत समाजवादीको १४ जना सांसदलाई कारवाही हुनसक्ने, सभामुखलाई हटाउन सक्ने, भ्रष्टाचारका मुद्धाहरु बाहिरिन सक्ने र महाअभियोग लगाइएका प्रधानन्यायाधीश चोलेन्द्र राणा पुनर्स्थापित हुनसक्ने देखिएपछि उनीहरु सत्तामै रहने विकल्पको खोजीमा देखिएका हुन ।

एमसिसी पारित गर्ने सहज उपाय खोजीका लागि शीर्षस्थ नेताहरुको दौडधुप चलिरहेको छ । एमसिसीको विपक्षमा नेता कार्यकर्तालाई सडकमा उतारेको हुँदा त्यसको उचित अवतरणबारे उनीहरु छलफलमा छन् । सत्ता गठबन्धन बचाएर चुनावमा जान सके परिणाम आफ्नो पक्षमा आउनसक्ने सम्भावना सहित उनीहरु सत्तामै रहन चाहिरहेका छन् । तर, बाहिर भने सत्ता र सडकमा आफैं भनेर आलोचना चुलिएको छ ।

**दोधारमा...**

अनुमोदन अगाडि आफ्नो चार माग पुरा गर्नुपर्ने प्रस्ताव गरेको छ । सभामुख अग्निप्रसाद सापकोटालाई हटाउनुपर्ने, माधवकुमार नेपालसहित १४ सांसदलाई पदमुक्त गरिनुपर्ने, चुनावको निश्चित गरिनुपर्ने र उचित शक्ति बाँडफाँड गरिनुपर्ने प्रस्ताव छ । प्रधानमन्त्री देउवा अन्य प्रस्तावमा सकारात्मक भए पनि माधव नेपाललाई पार्टी विहीन बनाउनेगरी अगाडि बढ्न तयार छैनन् ।

तर गठबन्धनका दलहरुको बहुमतले एमसीसी अनुमोदन गराउन सक्ने अवस्थामा पनि छैनन् । सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले एमसीसीको विपक्षमा उभिने अडानमा अडिग छन् । त्यसैले प्रधानमन्त्री देउवालाई दुई मध्ये एक रोज्न कठिन परिरहेको देखिन्छ । त्यो प्रधानमन्त्री देउवाको भेटवार्ताले देखिएको समेत छ । शुक्रबार नै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग प्रधानमन्त्री देउवाले भेटवार्ता गरेका थिए । प्रधानमन्त्री देउवाले यसअघि पनि लगातार सत्ता गठबन्धनका नेताहरु प्रचण्ड, माधवकुमार नेपाल र उपेन्द्र यादवसँग भेटवार्ता गरिरहेका छन् । जसपामा फरक मत राखिरहेका डा.बाबुराम भट्टराईसँग समेत प्रधानमन्त्री देउवा सम्वादमा छन् ।

**विमानस्थल....**

सो सम्बन्धमा विमानस्थलको सुरक्षा अवस्था, विभिन्न निकायको कार्यविभाजन, कमजोरी र सुधारका उपायका सम्बन्धमा अध्ययन गर्न अध्यागमन विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईको संयोजकत्वमा नौ सदस्यीय छानविन समिति गठन गरिएको प्रवक्ता पोखरेलले जानकारी दिए । उक्त समितिले सात दिनभित्र प्रतिवेदन पेश गरिसक्नुपर्नेछ । यही फागुन ९ गते एक व्यक्ति पासपोर्ट र भिसा बिना नै जहाजसम्म पुगेका थिए ।

# नवलपुरको पहाडी क्षेत्रका बासिन्दाद्वारा इलाका प्रशासनको माग

**कावासोती/मस-** नवलपुरको पहाडी क्षेत्रका बासिन्दाहरुद्वारा इलाका प्रशासनको माग गरिएको छ । पहाडी क्षेत्रका बासिन्दाहरु नागरिकता बनाउन घण्टौं लगाएर सदरमुकाम कावासोती जानुपर्ने बाध्यता रहेको र यातायातको असहजताका कारण सास्ती हुने गरेको भन्दै जिल्लाको पहाडी क्षेत्रमा इलाका प्रशासन कार्यालयको माग गरिएको हो ।





नवलपुरको पहाडी क्षेत्रको बौदिकाली, बुलिङटार र हुप्सेकोटका केही भागका स्थानीयवासीलाई सडक जीर्ण भएकाले सदरमुकाम कावासोतीसम्म आउन निकै सास्ती रहेको छ । तसर्थ यस क्षेत्रका बासिन्दाले पहाडी क्षेत्रमा सबैलाई पायक पर्ने क्षेत्रमा मालपोत र जिल्ला प्रशासन कार्यालयबाट दिने सेवाको माग गरेका हुन् ।

बर्खायाममा करिब पाँच महिना जिल्लाको पहाडी क्षेत्रका बाटो भत्किँदा र पहिरो जाँदा यातायात पूर्णरूपमा अवरुद्ध हुने गर्दछ । यसले समेत सदरमुकाममा आएर सेवा लिन असम्भवजस्तै हुने गर्दछ । 'यहाँका नागरिकले प्रशासनको सेवा लिन निकै कठिन हुने गरेको छ, सदरमुकाम पुगेर नागरिकता बनाएर एकै दिनमा फर्किन मुस्किल छ,' डेढगाउँका एमाले नेता श्याम श्रेष्ठले भने, 'राज्यले सहज नागरिकता दिने वातावरण बनाउनुपर्यो ।'

केही दिनअघि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल डेढगाउँ पुग्दा पहाडका विकासका एजेण्डासहित ध्यानाकर्षणपत्रसमेत बुझाइएको थियो । बौदिकालीका सबै राजनीतिक दलले गाउँपालिकाको विकासका लागि गर्नुपर्ने योजनासहित इलाकाको समेत माग गरिएको नेपाली कांग्रेस बौदिकाली गाउँपालिका सभापति केवि रानाले बताए । मुख्यमन्त्री डेढगाउँ पुगेकै दिन गण्डकी प्रदेशका विष्णुप्रसाद लामिछानेले पहाडमा इलाकाको माग पहिलेदेखि भएको भन्दै अब यसको स्थापनाका लागि मुख्यमन्त्रीले पहल गर्नुपर्नेमा जोड दिए । सदरमुकामबाट करिब ५० किलोमिटरमा रहेका बौदिकाली र बुलिङटार विकट क्षेत्रका रुपमा रहेका छन् ।

# कोरोनाबाट मृत्यु हुने ६०-६९ वर्ष समूहका बढी

**काठमाडौं/मस-** विश्वव्यापी महामारीका रूपमा देखापरेका कोभिड-१९ संक्रमणबाट नेपालमा झण्डै १२ हजारले ज्यान गुमाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार कोरोना संक्रमणबाट ११ हजार ९३२ जनाको ज्यान गएको छ ।



कोरोनाको विभिन्न 'भेरियन्ट' मध्ये डेल्टा भेरियन्टका कारण नेपालमा धेरै नागरिकको मृत्यु भएको थियो । पछिल्लो समय फैलिएको 'ओमिक्रोन' भेरियन्ट बढी संक्रामक देखिए पनि कम घातक पाइएको चिकित्सकको भनाइ छ ।

पछिल्लो शुक्रबार थप एक जनाको कोरोनाका कारण मृत्यु भएको छ । नेपालमा कुल संक्रमितको १.२ प्रतिशतको मृत्यु भएको मन्त्रालयको तथ्यांकले देखाएको छ । नेपालमा कोरोनाबाट सबैभन्दा बढी ६० देखि ६९ वर्ष उमेरसमूहका व्यक्तिले ज्यान गुमाएका छन् । सो उमेर समूहका दुई हजार ५०१ को सङ्क्रमणका कारण ज्यान गएको मन्त्रालयले जनाएको छ । यस्तै ७० देखि ७९ वर्ष उमेर समूहका दुई हजार ३७५, ५० देखि ५९ वर्ष उमेर समूहका दुई हजार २ ९३ र ४० देखि ४० वर्प उमेर समूहका एक हजार ६६३ जनाले ज्यान गुमाएका छन् ।

यस्तै ८० वर्षभन्दा माथि उमेरसमूहका एक हजार ६३७, ३० देखि ३९ वर्ष उमेर समूहका ९३६, २० देखि २९ वर्ष उमेर समूहका ३७९, नौ वर्ष मुनिका ५१ र उमेर नखुलेका १३ को कोरोना संक्रमणका कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा आठ हजार ६२८ नमूना परीक्षण गर्दा २७५ जनामा संक्रमण पुष्टि भएको छ । पाँच हजार ४५२ नमूनाको पिसीआर परीक्षण गर्दा १५८ र तीन हजार १७६ नमूनाको एन्टिजेन परीक्षणमा ११७ वटामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । शुक्रबार ५५५ जना कोरोना संक्रमणमुक्त भएका छन् । नेपालमा हालसम्म नौ लाख ५५ हजार ४५८ जना कोरोनाभुक्त भएको मन्त्रालयको तथ्यांक छ । सक्रिय संक्रमितको संख्या नौ हजार २८० छ ।

शुक्रबार देशभरका खोपकेन्द्रमार्फत एक लाख २२ हजार ४९३ ले कोरोनाविरुद्धको खोप लगाएका छन् । हालसम्म १० लाख ५६ हजार ७७२ ले कोरोनाविरुद्धको 'बुस्टर डोज' लगाएका छन् । नेपालमा एक करोड ७३ लाख छ हजार ६४२ पूर्ण मात्रा, एक करोड ८४ लाख ५० हजार ७०९ पहिलो मात्रा खोप लगाएको मन्त्रालयले जनाएको छ ।

# काभ्रे भुम्लुका विद्यार्थीलाई न्यानो कपडा सहयोग

**काभ्रेपलाञ्चोक/मस-** काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकाका १७ वटा सामुदायिक विद्यालयहरुमा न्यानो कपडा सहयोग गरेको छ । हजुरलाई नमस्ते परोपकारी संस्था मार्फत भुम्लुका १७ विद्यालयका १ हजार ७ जनालाई उक्त सामाग्री उपलब्ध गराइएको हो ।



संस्थाले विद्यालयमा अध्ययनरत विद्यार्थी र सहायक कर्मचारीहरूका लागि स्विटर, ज्याकेट र पाउडर क्रिमलगाएतका सामग्री निःशुल्क उपलब्ध गराइएको छ ।

जनता मावि कोलाँती भुम्लु, अरुणोदय मावि सिम्थली र सेतीदेवी आधारभूत विद्यालय कामिडाँडालगाएतका विद्यार्थीहरूलाई उक्त सामाग्री हस्तान्तरण गरिएको थियो । यस अघि पहिलो चरणमा १४ विद्यालयका विद्यार्थीहरूलाई सामग्री वितरण गरिएको थियो ।

हजुरलाई नमस्ते परोपकारी संस्थाका संयोजक ताराबहादुर कुँवरले भुम्लुका विभिन्न विद्यालयहरुमा पटक पटक स्विटर, ज्याकेटलगाएतका सामग्रीहरु वितरण गरिएको बताए । अभियानमा गाउँपालिका अध्यक्ष गुमानध्वज कुँवरले स्थानीय सरकारसँगको सहकार्य र समन्वयमा विद्यालयमा उपलब्ध गराएका सामग्रीहरुले विद्यार्थीहरूको शैक्षिक अवस्थालाई सहज पुग्ने बताउनु भयो ।

जनता माविका अध्यक्ष चन्द्रकुमार लामाले विद्यालयको भौतिक पूर्वाधार सम्पन्न हुँदै गए पनि शिक्षक अभाव तथा अन्य समस्याका कारण बालबालिकाहरूको पठनपाठनमा असहज भएको बताए ।

अभियानमा रोटरी क्लबका कञ्चन शर्मा र निर्मला शर्मा कोइराला, अभियानका सदस्य शेरबहादुर कुँवर, फाल्गुण कुँवर, वडा नम्बर ६ का अध्यक्ष भरतबहादुर शिवभक्त, वडा अध्यक्ष कृष्णकुमार कार्की लगायतका उपस्थिति रहेको थियो ।

# गण्डकी प्रदेशस्तरीय विद्यालय नाटक महोत्सव शुरु

**पोखरा/मस-** पोखरा थिएटरको आयोजनामा दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सव शुक्रबारबाट सुरु भएको छ । फागुन १६ गते सोमबारसम्म चल्ने महोत्सवको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ रायनले गरे ।



महोत्सवको पहिलो दिनमा तीनवटा नाटक मञ्चन भएको महोत्सव संयोजक समेत रहनुभएका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिए । यसरी मञ्चन भएका नाटकमा जीउककदा लासहरु, सक्षम छात्रा र बाल विवाह रहेका छन् ।

महोत्सवमा गण्डकी प्रदेशका ८ जिल्लाका १२ नाटक मञ्चन हुनेछन् । ती नाटकहरु गन्धर्व नाटकघरमा हरेक दिन ३ वटाका दरले मञ्चन गरिनेछ । महोत्सव अन्तर्गत शनिबार हराएको खुसी, विदेशिनु पर्दाको पिडा र मेरो समाजका नारी मञ्चन हुनेछ ।

'विद्यालयमा रंगमञ्च,अर्थपूर्ण बाल सहभागीताको आधार' भन्ने मुल मन्त्रका साथ आयोजना गरिएको महोत्सवमा गण्डकी प्रज्ञा-प्रतिष्ठानको प्रमुख सहकार्य एंव नेपाल सङ्गीततथा नाट्य-प्रज्ञा प्रतिष्ठान काठमाण्डौं र पोखरा प्रज्ञा-प्रतिष्ठान पोखराले सहकार्य गरेका छन् । गएको वर्षदेखि पोखरा थिएटरले गण्डकी प्रदेशस्तरिय विद्यालय नाटक महोत्सवको आयोजन गर्न थालेको हो ।

त्यसभन्दा अगाडि थिएटरले पोखरा महानगरपालिका स्तरिय नाटक महोत्सव समेत आयोजना गरेको थियो ।

# चार केन्द्रीय सदस्यसहित जसपाका दर्जनौं कार्यकर्ता एमालेमा

**मध्यान्ह संवाददाता**
पोखरा, १३ फागुन

जनता समाजवादी पार्टी (जसपा) चार केन्द्रीय सदस्यसहित दर्जनौं कार्यकर्ता एमालेमा प्रवेश गरेका छन् । शुक्रबार एमाले गण्डकी प्रदेश कमिटीले आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रममा जसपाका नेता तथा कार्यकर्ता एमाले प्रवेश गरेका हुन् ।

पार्टी प्रवेश कार्यक्रममा जसपासहित माओवादी केन्द्र र एकिकृत समाजवादीका कार्यकर्ता पनि छन् । एमाले प्रवेश गरेका नेता तथा कार्यकर्तालाई पार्टी अध्यक्ष केपी शर्मा ओलीले खादा लगाएर स्वागत गरेका थिए ।



एमाले प्रवेश गर्नेमा जसपाका केन्द्रीय सदस्य एवं गण्डकी इन्चार्ज गणेशमान गुरुङ, केन्द्रीय सदस्य एवं तमुवान राज्य समिति इन्चार्ज देवीराज गुरुङ, केन्द्रीय सदस्य तथा तमुवान राज्य समिति अध्यक्ष हुमबहादुर गुरुङ र केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश समितिका उपाध्यक्ष दीपक तामाङसहित जिल्ला र वडास्तरका कार्यकर्ता छन् ।

कांग्रेसबाट एमालेमा प्रवेश गर्नेहरुमा तरुण दल पोखरा १८ का उपसभापति शंकरजंग थापा, ट्रेड युनियन कांग्रेसका नवराज बिजुक्छेलगायत रहेका छन् । माओवादी केन्द्रबाट पोखरा ७ का पूर्वअध्यक्ष सूर्यबहादुर कार्की, माछापुच्छ्रे गाउँपालिकाका पूर्व गाउँपालिका अध्यक्ष टेकनाथ गौतम, प्रदेश कमिटी सचिवालय सदस्य राजु पराजुलीलगायत प्रवेश गरेका छन् ।

नेकपा समाजवादीबाट कास्की जिल्ला सचिवालय सदस्य पोखरा १७ का चित्र बराल, कमल बराल, दीव्य कुमार बराल, तोरण लोहार लगायत एमालेमा प्रवेश गरे । राप्रपाका नेता एवं पोखराका पूर्व मेयर भीमसेन थापा एमालेमा प्रवेश गरेका छन् ।

सामाजिक व्यक्तित्व डा.सुधीर पराजुलीसमेत पार्टी अध्यक्ष ओलीको हातबाट खादा लगाई एमालेमा विधिवत् प्रवेश गरेका छन् ।

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा दैलेखका ६५ विद्यालय छनोट

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १३ फागुन

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि दैलेखका ६५ विद्यालय छनोट भएका छन् । चालू आर्थिक वर्षमा सिफारिस भएका २ सय ७८ विद्यालयमध्ये ६५ वटा विद्यालय छनोट भएका हुन् ।



शिक्षा विकास तथा समन्वय इकाइ दैलेखका प्रमुख तेजबहादुर थापाका अनुसार नारायण नगरपालिकाका ६, दूल्लु नगरपालिकाका ८, चामुण्डा बिन्द्रासैनि नगरपालिकाका ९, आठबिस नगरपालिकाका ६, महाबु गाउँपालिकाका ५ र ठाँटीकाध गाउँपालिकाका ५ विद्यालय छनोटमा परेका छन् ।

यस्तै गूराँस गाउँपालिकाका ५, भैरवी गाउँपालिकाका ४, डुंगेश्वर गाउँपालिकाका ६, नौमुले गाउँपालिकाका ५ र भगवतीमाई गाउँपालिकाका ६ वटा गरी कुल ६५ विद्यालय सिफारिसमा परेका हुन् ।

चारकोठे भवन निर्माणको लागि ३६ लाख, दुई कोठेको लागि १८ लाख र आईसटी ल्यावको लागि ६ लाख ५० हजार रकम विनियोजन गरेको छ । दैलेखमा रहेका ११ पालिका अन्तर्गत ठाटीकाध गाउँपालिकाका दुई विद्यालय आईसिटी, दुई चारकोठे र १ दुईकोठे भवन निर्माणका लागि छनोटमा परेका छन् । चामुण्डा बिन्द्रासैनि नगरपालिकाका दुई चारकोठे, ३ दुई कोठे र चार विद्यालय आईसिटी भवन निर्माणका लागी छनोट भएका छन् ।

डुंगेश्वर गाउँपालिकाका तीन आईसिटी, १ चारकोठे र दुई २ कोठे भवनका लागि छनोटमा परेका छन् भने गुराँस गाउँपालिकामा रहेका २ चारकोठे, दुई आईसिटी र १ दुईकोठे भवनका लागि छनोटमा परेका छन् । नारायण नगरपालिकाका ४ आईसिटी, १ दुई कोठे र १ चारकोठे भवनका लागि छनोट भएका छन् भने आठबिस नगरपालिकाका ४ दुई कोठे, १ चार कोठे र १ आईसीटी निर्माणका लागि छनोटमा परेका छन् ।

नौमुले गाउँपालिकाका २ आईसिटी, २ दुईकोठे र १ चारकोठे भवनका लागि छनोट भएका छन् भने भगवतीमाई गाउँपालिकाका ३ आईसिटी, १ दुई कोठे, १ चारकोठे र १ गत आर्थिक वर्षको छनोटमा परेका छन् । शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चारकोठे, दुईकोठे भवन तथा विद्यालयमा आईसिटी व्यवस्थापनका लागि बजेट विनियोजन हुने गरेको छ । कर्णाली प्रदेशभर १ सय १० विद्यालयमा ४ कोठे भवन, १ सय ३८ मा दुईकोठे भवन, २ सय २५ विद्यालयमा आइसीटी ल्याव, २ प्राविधिक ल्याव र २ नयाँ प्राविधिक विद्यालय स्थापना छनोट भएका छन् ।

# मानव सेवा नै साउदी अरबको पहिचान : शैख अल अन्जी



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १३ फागुन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुल प्रसाद केसीले मदरसा शिक्षालाई प्राथमिकताका साथ भौतिक, शैक्षिक लगायत आवश्यक सहुलियतमा ध्यान पुर्‍याउन निर्देशन दिएको प्रदेशका शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्री वसिउद्दीन खाँले बताएका छन् ।

मन्त्री खाँले मुलुकको चौतर्फी विकासका लागि समानता आवश्यक रहेको भन्दै आर्थिक, शैक्षिक र राजनीतिकरुपमा समानता नभएसम्म परिवर्तन नहुने बताए । उनले समाज परिवर्तनका लागि शिक्षालाई मूलधारमा ल्याउनुपर्नेमा जोड दिए । मंगलबार कपिलवस्तुको कृष्णनगर नगरपालिकामा रहेको जामिया सिराजुलवलुम अलसल्फीया झण्डानगर तथा आयसा ग्रल्स कालेज झण्डानगर मदरसाको अनुगमनको क्रममा उनले यस्तो बताएका हुन् ।

'हामीले यस विषयमा गम्भीरतापूर्वक सोचेर आवश्यक कदम चाल्न जरुरी छ', उनले भने, 'अन्य समुदायभन्दा मुस्लिम समुदाय शैक्षिक क्षेत्रमा पछाडी परेकोले मदरसालाई शिक्षाको मूलधारमा ल्याउनका लागि शिक्षक, नेतृत्वकर्ताले पहल गर्नपर्ने जरुरी छ ।' यसैबीच राष्ट्रिय मदरसा संघ नेपालका अध्यक्ष डा. अब्दुल गनी अलकुफीले मदरसालाई शैक्षिक मूलधारमा ल्याउन संघीय सरकारको ध्यानाकर्षण गराउँदै आएको बताए । उनले सरकारले मुस्लिम समुदायको शिक्षालाई उपलब्धिमूलक बनाउन मदरसाका शिक्षकलाई पनि डिग्रीको मान्यता दिनुपर्नेमा जोड दिँदै आएको बताए । शिक्षा प्राविधिक र रोजगार मुलक हुनुपर्ने बताउदै अलकुफीले उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरुलाई धन्यवाद समेत व्यक्त गरेका थिए ।

राष्ट्रिय मदरसा संघ नेपालका महासचिव मौलाना मशहुद खाँ नेपालीले लुम्बिनी प्रदेशका शिक्षा, विज्ञान युवा तथा खेलकूद मंत्री वसिउद्दीन खां, लुम्बिनी प्रदेश योजना आयोगका सदस्य शिवपुजन यादव, साउदी अरबको शिक्षा बिभागबाट आएका शैख बदरबिन नासिर अल उन्जीको भव्य स्वागत गर्दै प्रदेश सरकारले अहिले मदरसा शिक्षाका लागि सराहनीय कदम चालेको बताए । उनले प्रदेशले भौतिक, शैक्षिकरुपमा मदरसालाई बजेट विनियोजन गरि अहम भुमिकाको सुरुवात गरेको भन्दै प्रशंसासमेत गरे । सो अवसरमा साउदी अरवको शिक्षा बिभागबाट आएका शैख बदरबिन नासिर अल अन्जीले कार्यक्रममा सहभागी हुन पाउदा निकै खुशी व्यक्त गरे ।

उनले कार्यक्रम आयोजकलाई हृदय देखि धन्यवाद दिदै लुम्बिनी प्रदेश सरकारले प्रदेश भित्र रहेको मदरसाहरुलाई हरेक क्षेत्रमा सहयोग गर्दै आएको कुरा सराहनीय र उल्लेखनीय रहेको बताए । आगामी दिनमा पनि नेपालका मदरसाहरु लाई मुलधारमा ल्याई मदरसा शिक्षालाई थप बलियो बनाउने र विशेष गरि नेपालका मुस्लिम छात्राको शिक्षालाई ध्सान दिन विशेष आग्रह गर्दै उनले विश्वभरीमा साउदी अरब मानवताको लागि आफ्नो कार्य गरि रहेको र साउदी अरबको पहिचान मानव सेवा नै रहेको बताए । अनुगमनका क्रममा अल अन्जी, अहमद नदवी, डा. अहमद, युवा व्यापारी मिर्जा राशिद बेग लगायतले मदरसा शिक्षालाई सरकारले प्राथमिकतामा राखी आवश्यक पहल गर्न अनुरोध गरेका थिए । कार्यक्रममा मंत्री खां, साउदी अरब शिक्षा बिभागका अल उन्जी तथा योजना आयोगका सदस्य शिवपुजन यादवलाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो ।

## अनुसुची-१५ (दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित) काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सुचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८।११।१३**

श्री देउती बराहा महिला सामुदायिक वन उपभोक्ता समुह, बराहताल गा.पा. ०७, सुर्खेतको सामुदायिक वनबाट ०७८।०७९ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको तपशिल बमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस लालीगुराँस सग्लेना सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. भेरी सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**तपशिल**

| प्रजाती/किसिम | ग्रेड | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | A | | B | | C | | | |
| | थान | क्यु.फि. | थान | परिमाणक्यु.फि. | थान | परिमाण क्यु.फि | थान | परिमाण क्यु.फि |
| साल्लो | १७ | ३०४.९२ | २ | २४.५१ | - | - | १९ | ३२९.४३ |
| जम्मा | | | | | | | १९ | ३२९.४३ |

**श्री देउती बराहा महिला सामुदायिक वन उपभोक्ता समुह, बराहताल गा.पा. ०७, सुर्खेत**

## अनुसूची-१५ (दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित) काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८।११।१३**

श्री हटेलधुरा सामुदायिक वन उपभोक्ता समुह, चौकुने गा.पा. ०२, सुर्खेतको सामुदायिक वनबाट ०७८।०७९ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको तपशिल बमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस लालीगुराँस सग्लेना सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. भेरीको सूचना पार्टीमा टाँस गरिएको छ।

**तपशिल**

| प्रजाती/किसिम | ग्रेड | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | A | | B | | C | | | |
| | थान | क्यु.फि. | थान | परिमाणक्यु.फि. | थान | परिमाण क्यु.फि | थान | परिमाण क्यु.फि |
| साल | ४ | ८६.२० | २१ | २३७.५७ | २ | १४.८५ | २७ | ३३८.६२ |
| हल्दु | १ | २१.४४ | ६ | ७२.३२ | - | - | ७ | ९३.७६ |
| जम्मा | ५ | १०७.६४ | २७ | ३०९.८९ | २ | १४.८५ | ३४ | ४३२.३८ |

**श्री हटेलधुरा सामुदायिक वन उपभोक्ता समुह, चौकुने गा.पा. ०२, सुर्खेत**


## सलाम ओभरसिज सर्भिसेज प्रा.लि.को अत्यन्त जरुरी सूचना

यस **सलाम ओभरसिज प्रा.लि. (इजाजत नं. १४८०)** का शेयर होल्डर झापा जिल्ला बनियाती गाउँपालिका वडा नं. ८ निवासी श्री नारायण सिंह राजवशीका छोरा वर्ष ३२ का गंगाप्रसाद राजवंशी यस प्रा.लि.को सञ्चालक समितिको बैठकका लागि प्रा.लि.को कार्यालयमा उपस्थित हुन जानकारी गराउँदा पनि बारम्बार अनुपस्थित रहने र बाहिर प्रा.लि.को मापदण्ड विपरित कार्य गर्दै आएको भन्ने सुनिन आएकाले यस विषयमा प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ ।

अत: यो सूचना प्रकाशित गरेको मितिले ३५ दिनभित्र अनिवार्यरुपमा प्रा.लि.मा उपस्थित भई आफूले भएगरेका कार्यहरुको विषयमा जानकारी गराई समाधान गर्नुहुन उपस्थितिका लागि अनुरोध गरिन्छ । अन्यथा प्रा.लि.को सञ्चालक समितिको निर्णय आवश्यक कारबाहीको प्रक्रियामा जाने व्यहोरा जानकारी गर्दछौं। साथै, मापदण्ड विपरित प्रा.लि. बाहिर निजले भए/गरेका कार्यहरुको प्रा.लि. जिम्मेवार नरहने व्यहोरा पनि सबैका लागि यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**सलाम ओभरसिज सर्भिसेज प्रा.लि**
Govt. Lic. No: 1480/074/075
सामाखुशी, टाउनप्लानिङ-२६, काठमाडौं, नेपाल फोन नं. : ०१-४३६२७७७, ४३६३४४४
इमेल : info@salamoverseas.com.np, salamoverseas@gmail.com



## मलेसियामा रोजगारको अवसर

२. कम्पनी : EB FROZEN FOOD SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/०५ चलानी नं.: ६०१५१८९० LT. No.: 233330 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1200 | ३४,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : PALACETOOL INDUSTRIES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/११/०५ चलानी नं.: ६०१५१८७३ LT. No.: 233331 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ३४,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २१ गते (5 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9803697030
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com



## UAE मा रोजगारको अवसर

कम्पनी: GEEBEE GARMENTS (FZE ), शहर SHARJAH

पूर्व स्वीकृत मितिः २०७८/११/१३ चलानी नं.: ६०१७५११० LT. No.: 258664

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 50 | 200 | स. काममा दक्ष | 800 | २६,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २१ गते (5 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
E-mail : sharonhrsolution@gmail.com, sharonmanpower2@gmail.com



## कुवेतमा रोजगारको अवसर

१. कम्पनी: Security Al Moushir Technical Services. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/११/१३ चलानी नं.: ६०१७५१०७ LT. No.: 258671

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 100 | 50 | स. काममा दक्ष | 85 | ३३,८८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: HOME NEEDS GENERAL TRADING CO. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/११/१३ चलानी नं.: ६०१७५१०८ LT. No.: 258670

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 3 | 5 | स. काममा दक्ष | 110 | ४३,८५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २१ गते (5 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
9802099412, 9823325539, 9813344450
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com



## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. — A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

# चिपिनका ‘चित्रबहादुर’ जसलाई विदेशीने बाध्यताले छोएन

देश संघ, प्रदेश र स्थानीय तहमा रूपान्तरण हुनुअघि जब निर्वाचन र देश संघीयतामा जाने कुरा चल्थ्यो तब किसान सोच्थें, “अब त हाम्रा लागि पनि स्थानीय सरकार आएसँगै हाम्रो दैनिकी अवश्य फेरिन्छ होला ।” तर, स्थानीय तहको निर्वाचन ताका राजनीतिक दलका नेताले लगाएका जनमुखी नारा अझै पुरा हुन सकेका छैनन् ।

■ पूजा भण्डारी/दैलेख

“गाउँमा रोजगारी नपाइने कमाउनका लागि बाहिरी मुलुक जानुपर्ने बाध्यतामा रहेका युवा पुस्ताका लागि चित्रबहादुर महत्वपूर्ण उदाहरण बन्न सफल भएका छन् । उनी अहिले आफ्नै आँगनमा निर्माण गरिएको पलाष्टिक घरमा लटरम्म तरकारी फलाएका छन् । बिक्रीको कुनै पनि समस्या नभएकोले उनले उत्पादन गरेको तरकारी सहजै बिक्री हुने गरेको छ ।



पूर्वबाट दैलेख प्रवेश गर्ने मध्यपहाडि राजमार्गभन्दा केही माथि करिब ४५ मिनेट उकालो चढेपछि भगवतिमाई गाउँपालिका-६ को चिपिनतडा गाउँमा पुग्न सकिन्छ । सोही गाउँमा १२ पढ्दै गरेका चित्रबहादुर आफ्नै खोरियामा व्यस्त देखिन्छन् । गाउँका अन्य साथीहरूको रोजगारीका लागि विदेशीने योजना सुन्दै गाउँमै कृर्षि कर्ममा होमिएका उनी स्कुल पढ्दाको उमेरदेखि नै बाउ आमाले गर्ने परम्परागत तरकारी खेतीमा रमाउँदै अहिले गाउँकै सफल किसान हुन सफल भएका छन् ।

गाउँमा रोजगारी नपाइने कमाउनका लागि बाहिरी मुलुक जानुपर्ने बाध्यतामा रहेका युवा पुस्ताका लागि उनी महत्वपूर्ण उदाहरण बन्न सफल भएका छन् । चित्रबहादुरले अहिले आफ्नै आँगनमा निर्माण गरिएको पलाष्टिक घरमा लटरम्म तरकारी फलाएका छन् । बिक्रीको कुनै पनि समस्या नभएकोले उनले उत्पादन गरेको तरकारी सहजै बिक्री हुने गरेको छ । नजिकै भगवतीमाई गाउँपालिकाको बेस्तडा बजार छ, बजारमा बिक्री नभएको तरकारी उनले दैलेख सदरमुकाम र सिधै सुर्खेत सम्म पुऱ्याउन सक्छन् । टमाटर, काउली, मुला बन्दा, मौसमी बेमौसमी तरकारी उत्पादन गरेर उनले १ हजार ५० हजार बढी आम्दानी हुने गरेको बताए ।

बाहिरी मुलुकमा काम खोज्न जानु भन्दा आफ्नै ठाउँमा केही गर्ने उद्देश्यले कृषि कर्ममा लागेको चित्रबहादुर बताउँछन् । उनी भन्छन्, ‘आफ्नै ठाउँमा केही गरौँ भन्ने उद्देश्यले लाग्यो भने विदेशीनु पर्दैन । मेरै वडाका धेरै साथीहरूले मलाई पनि विदेश जाऊँ भने, साथीहरू विदेश गएर पनि अहिले गाउँमै फर्किएका छन्, उनीहरू पनि अव विदेश नजाने भन्दै तरकारी खेती र बाख्रा पालनमा लागेका छन् । मसँग सरसल्लाह माग्ने गरेका छन् मैले तरकारीमा लागेका रोग किराको बारेमा साथीहरूकै बारीमा पुगेर सघाउने गरेको छु ।’ हिजो साथीहरूका विदेशीने योजना सुन्दै म यही कृषि कर्ममा लागेँ आम्दानी हुँदै गएको छ, मलाई भने विदेशीने बाध्यताले छोएन ।’

विदेशबाट फर्किएका गाउँका दाजुभाइले त्यहाँ भोगेका दुःख सुनेर आफूले आफ्नै गाउँमा केही आम्दानीको माध्यम रोजौँ भन्ने लागेपछि व्यावसायिक कृषिमा लागेको उनले बताए । चित्रबहादुरले अहिले आफ्नै बारीमा फलेका विभिन्न जातका तरकारी बिक्री गरी आम्दानीको स्रोत जुटाउँदै आएका छन् ।

एउटा टनेलबाट उन्नत तरकारी उत्पादन सुरु गरेका चित्रबहादुरले अहिले तीन वटा टनेल निर्माण गरेका छन् । बजारीकरणको राम्रो व्यवस्था भएपछि बारी भरी टनेल निर्माण गरेर ट्रकमा तरकारी बिक्री गर्ने बताएका छन् । गाउँभरिका सबैले बजारबाट किनेर तरकारी ल्याउनु पर्ने बाध्यता हटेको छ । ‘बारीमा फलेका टमाटर बिक्रीका लागि बजारको समस्या छैन । उत्पादन भएको तरकारी गाउँमै खपत हुने गरेको छ ।’

## ‘विदेशमा मानवता हुँदो रहेनछ, गाउँमै बस्छु’

कमाउने सपनासँगै चार वर्ष विदेश बसेका चिपिनतडाका पदमबहादुर खत्री पनि गाउँ फर्के पछि कृषि कर्ममा होमिएका छन् । २७ वर्षे पदम बहादुर खत्री कामको खोजीमा तीन वर्ष मलेसिया र एक वर्ष कतार गरी जिन्दगीको उर्वर चार वर्षको समय पराइ मुलुकमा बिताए । आपतमा गाउँ चाहिन्छ भने झैँ पदम कोरोना महामारी पहिलो लहर फैलिएका वेला गाउँ फर्किए । पराई मुलुकमा पाएको दुःखले उनलाई पनि आफ्नै गाउँमा केही गर्ने जाँगर पलायो । चित्रले जस्तै पदम बहादुरले तरकारी खेतीसँगै आफ्नै ठाउँमा



व्यावसायिक बाख्रा पालन व्यवसाय सुरु गरी आम्दानी गर्ने गरेका छन् । विदेश भनेको सपनाको सहर जस्तै भएको पदमले बताए । उनी भन्छन्, ‘पराई मुलुक भनेको पराई जस्तै हुने रहेछ । चर्को घाममा अरूको काम गर्नुपर्ने, कमाएको पैसा लुटिने समस्या छ, भोको पेटमा मुगलानको मजदुरी कल्पना गरेकोभन्दा धेरै फरक छ, विदेशमा मानवता हुँदो रहेनछ अब नेपालमै बस्छु ।’ पदमले भने ।

बिहान साँझ कृषि कर्मसँगै दिनमा बाख्रा पालनमा समय खर्चिँदै आएका पदम अब, ‘विदेश जाने अन्य युवाहरूलाई समेत नेपालमै काम गरौँ भनेर आफ्नो कर्म देखाउने र नेपालमै केही गर्ने अभियान थालनी गर्ने बताउँछन् । गाउँमा भोको पेटले भए पनि खुसी मिल्ने रहेछ’ पदमले भने ।

स्थानीय ६४ वर्षीया धना खत्री भन्छिन्, ‘पहिलेका दिनमा गाउँमा यस्तो तरकारी उब्जनी भएको देखेका थिएनौं । परियोजनाले तरकारी घर बनाउन प्रयोग गरिने पलाष्टिक, बिउँ बिजन, औषधिसँगै अन्य प्राविधिक सहयोग गरेपछि छोराहरू समेत तरकारी उत्पादनमा लागेको बताइन् । ‘उति वेला शौचालय थिएनन्, कुवाको पानी खानुपर्दथ्यो, तरकारी भनेको चार ओटा लसुन रोप्थ्यौँ अहिले त घरमै धारा आएको छ, बारीमै लहरै टमाटर फलेका छन्, उति वेला दुःखारी जमाना थियो अहिले त सुखारी जमाना आयो बाबु । ’

सामान्य कृषि गर्ने परिवारको खर्चको गर्जो टार्नका लागि भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जानु पर्ने बाध्यताको अन्त्य भएको स्थानीय किसान बमबहादुर खत्रीले बताए । पहिलेका दिनमा विभिन्न रोगका कारण उत्पादनमा कमी हुने र पछिल्लो समय परियोजनाको सहयोगमा समस्याको समाधान हुने भएपछि उत्पादनसँगै आम्दानी बढ्दै गएको उनको भनाई छ ।

परम्परागत तरकारी खेती गरेका चिफिनका ४२ घर परिवारलाई भगवतीमाई गाउँपालिका र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले सहयोग गरेपछि चिपिनमा २३ वटा पलाष्टिक घर निर्माण गरिएको छ । निर्माण गरिएका मध्ये १४ वटा गुमोच प्रविधिका पलाष्टिक घरहरू छन् । गुमोच प्रविधिबाट चिसो सिजनमा काँक्रा, खुर्सानी लगायतको उत्पादन समेत किसानहरूले सुरु गरेका छन् । परम्परागत तरकारी खेती गरेका युवाहरूलाई उन्नत प्रविधि, तालिम हस्तान्तरण, पलाष्टिक घर निर्माण गरिदिएपछि युवाहरू उन्नत तरकारी उत्पादनमा लागेका छन् । गाउँमा स्वच्छ खानेपानी उपलब्ध भएपछि खेर गएको पानीलाई करेसा बारीमा प्रयोग गरिएको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका सल्लाहकार हरि सापकोटाले जानकारी दिएका छन् ।

अहिले त गाउँको मुहार नै फेरिएको छ, ताजा तरकारी, शुद्ध पिउने पानी गाउँमै आएको छ । विदेश गएका युवाहरू गाउँमै व्यावसायिक तरकारी उत्पादनमा लागेका छन् । दुई वर्ष अघिको चिपिन र अहिलेको चिपिन हेर्दा मनमा खुसी हुने गरेको फिल्ड प्राविधिक जीवन बुढाथोकीले बताए ।

## खास किसानले पाउँदैनन् अनुदान

देश संघ, प्रदेश र स्थानीय तहमा रूपान्तरण हुनुअघि जब निर्वाचन र देश संघीयतामा जाने कुरा चल्थ्यो तब किसान सोच्थें, “अब त हाम्रा लागि पनि स्थानीय सरकार आएसँगै हाम्रो दैनिकी अवश्य फेरिन्छ होला ।” तर, स्थानीय तहको निर्वाचन ताका राजनीतिक दलका नेताले लगाएका जनमुखी नारा अझै पुरा हुन सकेका छैनन् ।

विभिन्न परियोजनाको सहयोगले आफ्ना ठाउँमा केही गर्ने जाँगर पलाएको भए पनि हाल सञ्चालनमा रहेका तिनै तहका सरकारबाट वास्तविक किसानहरू सम्म सहयोग नपुगेको र हामी जस्ता व्यक्तिहरूलाई सरकारले खोजी गरेर हाम्रो चाहना अनुसारको कार्यक्रम लागु गर्नुपर्ने सुझाव पदम खत्रीको छ । म चार वर्ष विदेश बसेर गाउँ फर्किए अहिले व्यावसायिक कृषिसँगै बाख्रा पालनमा लागेको छ, तर सरकारका अनुदानका रकमहरू सीमित टाँठाबाँठाहरुले मात्र पाउने गरेका छन् ।

गाउँमा अनुदान आएको छ भन्ने त सुनिन्छ । तर, टाँठाबाठा र राजनीतिक दलका नेताका नजिकका मान्छेले मात्र अनुदानको फाइदा लिने गरेका किसानहरूको गुनासो छ । पदम भन्छन्, ‘बेरोजगार युवाहरूलाई गाउँमा रोजगारी सिर्जना गर्ने भन्दै अनुदान आएको सुनिन्छ तर सरकारबाट आउने अनुदान कसरी कहाँ पुग्दछ व्यावसायिक कृषिमा लागेकालाई थाहा हुँदैन ।’

## पालिकाका ४ वडामा एक सय प्लास्टिक घर

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगमा दैलेखको भगवतीमाई गाउँपालिकाका वडा नं. १, ४, ६ र ७ मा एक सय प्लास्टिक घर निर्माण गरेर किसानहरूलाई व्यावसायिक तरकारी खेतीमा अभिप्रेरित गरिएको छ । गाउँपालिकाका सम्भावित स्थानहरूको पहिचान गरेर एभोकाडो बिरुवा १ हजार, किभिका ३५० विरुवा रोपण गर्ने काम गत वर्ष सम्पन्न भइसकेको भगवतीमाई गाउँपालिकाका जलस्रोत अधिकृत प्रकाश चन्द थापाले जानकारी दिएका छन् । गाउँपालिकाका विदेश बाट फर्किएका युवाहरू, आर्थिक विपन्नता भएका समुदायहरूका लागि आय आर्जनमार्फत गाउँपालिकाको १५ लाख र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको ५१ लाख रकम खर्च भइसकेको थापाले बताए । अहिले सबै घरमा करेसाबारी निर्माण गरिएको छ । ताजा तरकारी उत्पादन र उपभोगसँगै अधिकांशले व्यावसायिक तरकारी खेतीमा लागेको थापाले बताए ।

---

## कविता

### प्रेम



सुरज उपाध्याय, पोखरा

म जन्मेको घर भन्दा
तिम्रो घर प्यारो लाग्न थाल्यो
मेरा बा आमा भन्दा
तिम्रा बा आमा आफ्ना लाग्न थाले
सोच्थें तिमी नै मेरो सर्वस्व हौ
आज तिम्रो घरको दैलो टेके पछि
तिम्रो हातले
मेरो सिउदो रंगीए पछि
बल्ल थाहा भयो
त्यति बेला
म प्रेममा होइन
मात्र तिम्रो भ्रममा रमाइरहेको रहेछु ।

सिन्दुर प्रेमको प्रतीक हुने भए
चुरा प्रेमको संगीत हुने भए
सौभाग्य प्रेमको संसार हुने भए
लोग्ने बितेर जादा पनि
श्रीमतीको शरीर भरी छाइरहने थिए
प्रेमको अमूल्य गहना बनेर ।

घरभित्र दिनहुँ झगडा गरेर पनि
घर बाहिर निस्कदा मुसुक्क मुस्कुराउने दम्पतीले झै
मुस्कान सबैले दिन्छन्
मात्रै
सबै मुस्कानहरु प्रेम हुन सक्दैनन् ।

जुन कुरा बुझेर पनि
नबुझे जस्तो गरेऊ
त्यही कुराको पीडा
न देखाउन सकेको छु
न मेटाउन सकेको छु ।

### पाँच मुक्तक



पवित्रा चाम्लिङ, खोटाङ

(१)
मान्छेले मुर्तिको अगाडि, दश औंला जोड्ने गर्छ
तर, जन्म दिने बाआमा, आश्रम लगि छोड्ने गर्छ
मान्छेले धर्म नमानेपछि, हड्डी र मासु नठानेपछि
प्राप्तीको निम्ति, रगतको नातालाई तोड्ने गर्छ ।


(२)
श्वास पनि बुबाले खलाँतीले जस्तो, फेरेको देख्छु
आजभोलि तिमी आउने बाटो मात्र, हेरेको देख्छु
उमेरले पनि डाँडा काट्यो, यौवनले बुढोपन साट्यो
हर रातको सपनीमा गिद्धले घरलाई, घेरेको देख्छु ।

(३)
प्रकृतिलाई साँच्ची राखेर, माया गरि दिउँला
उजाड मनको गराहरूमा, बुट्टा भरी दिउँला
